# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मुलखर्क, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

सूचना नं. ६४-२०८२/८३ *"संस्कृति, पर्यटन, कृषि र पूर्वाधार: समावेशी सुनकोशी समृद्धिको आधार"*

## न्यूनतम रोजगारका लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना ।

(प्रकाशित मिति : २०८२/११/११)

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ (दोस्रो संशोधन) को नियम ७ तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १७ बमोजिम न्यूनतम रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. २०८३/८४ मा सञ्चालन हुने **श्रममूलक आयोजनाहरूमा** न्यूनतम रोजगारीमा संलग्न हुन इच्छुक, सामाजिक संरक्षण आवश्यक भएका विपन्न तथा न्यून आय भएका वा स्वरोजगारमा समेत संलग्न नरहेका १८ वर्ष उमेर पूरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरूले बेरोजगार सूचीमा सूचीकृत हुन आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातसहित **मिति २०८२ फागुन मसान्तभित्र** तोकिएको ढाँचामा निवेदन दिनुहुन कार्यालयस्तरीय मिति २०८२/११/११ को निर्णय अनुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

*अघिल्लो आ.व. मा सूचीकृत भएका बेरोजगारहरूले समेत आगामी आ.व. २०८३/८४ का लागि पुनः सूचीकृत हुन तोकिएको निवेदन फाराम भरी नवीकरण गराउनुहुन अनुरोध छ।*

..............................

नगेन्द्र कुमार चौधरी

(रोजगार संयोजक)

**थप जानकारी:**

**न्यूनतम रोजगार कार्यक्रम बाहेक अन्य रोजगारमूलक सेवा, सीपमूलक तालिम वा रोजगारी खोजी सम्बन्धी सेवाका लागि जुनसुकै समयमा shramsansar.gov.np वा Shramsansar App मार्फत पूर्ण विवरण सहित दर्ता गर्नुहुन समेत अनुरोध गरिन्छ।**

**आवेदनका लागि आवश्यक कागजातहरू:**

१. रीतपूर्वक भरिएको आवेदन फाराम।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (बसाइँसराइ गरी आएको भए बसाइँसराइ प्रमाणपत्रको प्रतिलिपि)।

३. आवेदन फाराम अनिवार्य रूपमा सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित गराइएको हुनुपर्नेछ।

बोधार्थ:

श्री सबै वडा कार्यालयहरु प्रचार प्रसार तथा आवेदन संकलन गरि दिनु हुन।

श्री सूचना तथा प्रविधि शाखा वेवसाइट तथा facebook मा upload गरिदिनु हुन।